नेपाल सरकार
राष्ट्रिय सुरक्षा परिषद्को
सचिवालय

फोन नं. : ४-२००१५७, ४-२००१५८
फ्याक्स नं. : ४-२००१४८
इमेल : office@nscsec.gov.np
सिंहदरवार, काठमाडौं, नेपाल।

प्रेस बिज्ञप्ति

राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय सिंहदरबार

मितिः- २०८२/०१/२४ गते ।

## राष्ट्रिय सुरक्षा परिषद्को बैठक सम्बन्धमा

आज मिति २०८२/०१/२४ गते सिंहदरबारस्थित राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को ३८ औं बैठक सम्पन्न भएको छ। उक्त बैठकमा विद्यमान अन्तर्राष्ट्रिय परिस्थिती तथा हालै विकसित भारत पाकिस्तान बीच भएको घटनाक्रमबाट नेपालमा पर्न सक्ने विविध सुरक्षा चुनौती तथा असरहरुको सम्बन्धमा समिक्षा गरियो। यो घटनाक्रमबाट उत्पन्न हुनसक्ने परिस्थितीको सुक्ष्म बिश्लेषण गरी आगामी दिनमा आइपर्ने परिस्थितीको सामना गर्न उपयुक्त रणनीति अपनाउने सम्बन्धमा छलफल भयो ।

उक्त बैठकमा सुरक्षा परिषद्का सदस्य माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री, माननीय गृहमन्त्री, माननीय परराष्ट्रमन्त्री, माननीय रक्षामन्त्री, मुख्य सचिव, प्रधान सेनापति र रक्षासचिवको उपस्थिति रहेको थियो।

(रामेश्वर दंगाल)
सचिव, रक्षा मन्त्रालय
एवम्
सदस्य-सचिव
राष्ट्रिय सुरक्षा परिषद्